# धितोपत्र दलाल व्यवसायीले राख्नु पर्ने विवरण तथा प्रतिवेदनको ढाँचा

१. **कानूनी व्यवस्था**

✓ **धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७७ बमोजिम लगानीकर्ताको पहिचान, खरिद बिक्री आदेश, करार नोट तथा लेनदेन सम्बन्धी व्यवस्था :**

(१) धितोपत्र व्यवसायीले धितोपत्र कारोबार गर्नुअघि सम्बन्धित लगानीकर्ताको परिचय लिने, ग्राहक खाता खोल्ने, रकम लेनदेन गर्ने तथा कारोबार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) कुनै पनि धितोपत्र व्यवसायीले धितोपत्र खरीद, बिक्री वा विनिमय सम्बन्धी करार गरेपछि अर्को दिनको बजार बन्द हुनु अगावै करार नोट बनाउनु पर्नेछ र त्यस्तो नोटमा सो धितोपत्र व्यवसायीले एजेण्टको रुपमा करार गरेको भए करार नोटको सक्कल प्रति सम्बन्धित ग्राहकलाई दिनु पर्नेछ र आफ्नै लागि करार गरेको भए करार नोटमा सो कुरा उल्लेख गरी आफूसंग राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको करार नोटमा देहाएका कुराहरु समेत उल्लेख गनु पर्नेछ :

☞ धितोपत्र व्यवसायको किसिम र त्यस्तो व्यवसाय संचालन गर्ने ठाउँ,

☞ धितोपत्र व्यवसायीले आफै मुख्य भई काम गरेको भए सो को विवरण,

☞ करार नोट दिनुपर्ने व्यक्तिको नाम र ठेगाना,

☞ करार भएको मिति र करार नोट तयार गरेको मिति,

☞ धितोपत्रको विवरण र परिमाण,

☞ धितोपत्रको प्रति इकाई मूल्य,

☞ करार अन्तर्गत तिर्नुपर्ने प्रतिफल सम्बन्धी विवरण,

☞ करार अन्तर्गत तिर्नुपर्ने कमिशनको रकम वा दर,

☞ कुनै दस्तुर लाग्ने भए त्यस्तो दस्तुरको दर तथा तत्सम्बन्धी विवरण,

☞ हिसाब राफसाफ हुने दिन,

☞ तोकिए बमोजिमको अन्य कुराहरु ।

✓ **धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७८ बमोजिम धितोपत्र व्यवसायीले राख्नु पर्ने हिसाव**

(१) धितोपत्र व्यवसायीले हिसाब तथा अभिलेख राख्दा आफूले गरेको धितोपत्र कारोबार सम्बन्धी पर्याप्त रुपमा पुष्टी हुने गरी आफूले गरेको कारोबारको आर्थिक स्थिति स्पष्ट देखिने गरी राख्नु पर्नेछ । वासलात तथा नाफा नोक्सान हिसाब तयार गर्दा यथार्थ देखिने गरी राख्नु पर्नेछ ।

(२) धितोपत्र व्यवसायीले उपदफा (१) बमोजिम राखेको हिसाब तथा अभिलेखबाट प्रष्ट रुपमा अलग देखिने गरी धितोपत्र खरीद गर्न चाहने आफ्नो ग्राहकले धितोपत्र खरीद बिक्री गर्नका लागि बुझाएको रकम तथा धितोपत्रको हिसाब र अभिलेख तोकिए बमोजिम बेग्लै राख्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम राखिएको हिसाब तथा अभिलेख र तत्सम्बन्धी आर्थिक विवरण तथा प्रतिवेदनहरु धितोपत्र व्यवसायीले तोकिए बमोजिम तयार गरी राख्नु पर्नेछ।

(४) यस दफा बमोजिम राखिएका हिसाब तथा अभिलेखहरु बोर्ड वा बोर्डबाट नियुक्त भएको निरीक्षक वा लेखापरीक्षकले वा सम्बन्धित धितोपत्र बजारले निरीक्षण गर्न वा जाँच्न चाहेमा पछि सजिलैसंग जाँच्न वा निरीक्षण गर्न सकिने गरी धितोपत्र व्यवसायीले राख्नु पर्नेछ।

**✓ धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८२ बमोजिम हिसाव तथा विवरण पेश गर्नुपर्ने**

(१) धितोपत्र व्यवसायीले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अघिल्लो आर्थिक वर्षमा धितोपत्र व्यवसाय गरेको संचालन विवरण स्पष्ट देखिने गरी अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको नाफा नोक्सानको हिसाब, वासलात र नगद प्रवाह विवरण तथा अन्य आवश्यक आर्थिक विवरणहरु बोर्ड समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब तथा विवरण पेश गर्न नसकेमा सो को मनासिव माफिकको कारण खुलाई म्याद थपको लागि बोर्ड समक्ष धितोपत्र व्यवसायीले निवेदन दिएमा बोर्डले तीन महिनासम्म म्याद थप दिन सक्नेछ। यसरी म्याद थपिएको समयभित्र पनि त्यस्तो हिसाब तथा विवरण पेश नगरेमा बोर्डले त्यस्तो धितोपत्र व्यवसायीलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र लेखापरीक्षण हुन नसकेको कारणबाट हिसाब तथा विवरण पेश गर्न नसक्ने धितोपत्र व्यवसायीले पछि लेखा परीक्षण भईसकेपछि वास्तविक हिसाब तथा विवरण बुझाउने गरी लेखापरीक्षण भै नसकेको हिसाब तथा विवरण बुझाउन सक्नेछ।

**✓ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम २८ बमोजिम ग्राहकको आदेश दर्ता गर्नुपर्ने**

(१) धितोपत्र दलालले ग्राहकबाट आदेश प्राप्त गरी त्यस्तो आदेश दर्ता गरेर मात्र कारोबार गर्नु पर्नेछ।

(२) धितोपत्र दलालले उपनियम (१) बमोजिम दर्ता भएको ग्राहकको आदेश बमोजिम कारोबार गर्दा मूल्य तथा समय प्राथमिकताको आधारमा गर्नुपर्नेछ।

**✓ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम २९ बमोजिम ग्राहकको अभिलेख राख्नुपर्ने**

(१) धितोपत्र दलालले ग्राहकको लागि कारोबार गर्नु अघि व्यक्ति वा संस्थागत ग्राहकको क्रमशः अनुसूची-१२ वा अनुसूची-१३ बमोजिमको ढाँचामा पूर्ण विवरण सहितको अभिलेख राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख राख्ने समयमा धितोपत्र दलालले धितोपत्रको मूल्यमा हुनसक्ने उतार चढाव तथा विभिन्न प्रकृतीका जोखिमहरुका सम्बन्धमा ग्राहकलाई जानकारी गराउनु पर्नेछ ।

**✓ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी तथा बजार निर्माता)नियमावली, २०६४ को नियम ३० बमोजिम बैंक मार्फत रकम लेनदेन गर्नुपर्नेः**

धितोपत्र दलालले ग्राहकसंग धितोपत्र सम्बन्धी कारोबार गर्दा बैंक मार्फत मात्र रकम लेनदेन गर्नुपर्नेछ ।

**✓ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी तथा बजार निर्माता)नियमावली, २०६४ को नियम ३१ बमोजिम ग्राहकको रकम तथा कागजातको प्रयोग**

(१) धितोपत्र दलालले कुनै ग्राहकको रकम, धितोपत्र तथा कागजात आफ्नो लागि वा अन्य ग्राहकको लागि प्रयोग गर्न पाउने छैन ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबार गरेपछि प्राप्त गरेको रकम, धितोपत्र वा कागजात त्यसरी प्राप्त गरेकै दिन वा भोलिपल्टसम्म सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।

(३) धितोपत्र दलालले प्रत्येक ग्राहकको धितोपत्र कारोबार संग सम्बन्धित प्रमाणपत्र तथा रकमको हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

**✓ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी तथा बजार निर्माता)नियमावली, २०६४ को नियम ३३ बमोजिम कारोबार व्यवस्था तोकिदिन सक्ने**

(१) सरकारी ऋणपत्र तथा अन्य बिशेष किसिमका धितोपत्र कारोबार सम्बन्धमा आवश्यकता अनुसार बोर्डले समय समयमा थप व्यवस्थाहरु तोकिदिन सक्नेछ ।

(२) धितोपत्र दलालले ग्राहकबाट कारोबार आदेश प्राप्त गर्ने, ग्राहक खाता खोल्ने, मार्जिन कारोबार गर्ने लगायतका बिषयमा ग्राहकसंग गर्नुपर्ने सम्झौताका सम्बन्धमा समय समयमा बोर्डले आवश्यक व्यवस्था तोकिदिन सक्नेछ ।

**✓ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी तथा बजार निर्माता)नियमावली, २०६४ को नियम ३४ बमोजिम हिसाव किताव र अभिलेख दुरुस्त राख्नुपर्ने**

(१) धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताले आफूले गरेको धितोपत्र कारोबार, सोको हिसाबकिताब तथा ग्राहक सम्बन्धी अभिलेख स्पष्ट र यथार्थ रुपमा देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(२) धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताले प्रचलित कानून बमोजिम तोकिएको ढाँचा र लेखामान अनुसार लेखा राखी नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तयार गर्नुपर्नेछ ।

(३) यस नियम बमोजिम राख्नुपर्ने अभिलेख तथा विवरण अद्यावधिकरुपमा तयार गरी बोर्डले सो को निरीक्षण तथा जाँचबुझ गर्न चाहेको बखत उपलब्ध गराउनु सम्बन्धित धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताको कर्तव्य हुनेछ ।

**✓ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ३५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने**

(१) धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तिय विवरण तथा उक्त वर्षमा गरेको काम कारबाही सम्बन्धी वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेछ ।

(२) धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माताले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र समय समयमा बोर्डले तोकेको ढाँचामा बोर्डसमक्ष त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्नेछ र अघिल्लो त्रैमासिक प्रतिवेदनमा उल्लेख भएको कुराहरुमा कुनै भिन्नता आएको भए सो सम्बन्धी जानकारी समेत उक्त प्रतिवेदन साथ पेश गर्नुपर्नेछ ।

## २. <u>व्यवसायीले अभिलेखका लागि राख्नु पर्ने कागजातहरु</u>

धितोपत्र सम्बन्धी ऐन, २०६३, नियमावली तथा अन्य प्रचलित कानूनी प्रयोजनको लागि धितोपत्र व्यवसायीले निम्नानुसारको आवश्यक कागजात राख्नु पर्नेछ ।

- ☞ ग्राहक परिचय विवरण (Client Identification Form)
- ☞ ग्राहक परिचय-पत्र (Client Identity Card)
- ☞ आदेश पत्र (Order Request Form)
- ☞ आदेश दर्ता किताव (Order Registration Book)
- ☞ भित्रीने र वाहिरीने कागजातको किताव (Document's Inward-outward Book)
- ☞ ग्राहक खाता (Client's Account)
- ☞ दैनिक कारोबार विवरण (Daily Transaction Particulars)
- ☞ करार नोट (Contract Note)
- ☞ ग्राहक पेश्कि खाता (Client Advance Account)
- ☞ ग्राहकको धितोपत्रको मौज्दात किताब (Stock Book of Client's Securities)
- ☞ <u>अन्य विवरणहरु</u>
  - ☞ भौचर (Voucher)
  - ☞ लेजर (Ledger)
  - ☞ मेमोरेन्डा (Memoranda)
  - ☞ नगद तथा बैंक खाता (Cash and Bank Account)
  - ☞ परीक्षण सन्तुलन, वासलात, आयव्यय विवरण, नाफानोक्सान हिसाव, तथा नगद प्रवाह विवरण (Trial Balance, Balance Sheet, Profit and Loss Account and Cash Flow Statements)

### ✓ <u>ग्राहक परिचय विवरण (Client Identification Form)</u>

धितोपत्र व्यवसायीले नयाँ ग्राहक (व्यक्ति वा संगठित संस्था) को सन्दर्भमा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को अनुसूची १२ र १३ बमोजिमको ग्राहक परिचय विवरण पूर्ण रुपमा भराई सम्बन्धित ग्राहकको दस्तखत तथा आवश्यक कागजात सहित मितीबद्द रुपमा राख्नु पर्दछ । उक्त फारम मार्फत ग्राहकलाई दिईने ग्राहक परिचय दर्ता नं. (Client Registration Code) प्रत्येक ग्राहकको लागि फरक फरक (Uniue) हुनु पर्नेछ र धितोपत्र व्यवसायीले उक्त ग्राहकको आदेश कारोवार प्रणालीमा प्रविष्टि (Entry) गर्दा सोही ग्राहक परिचय दर्ता नं. नै प्रयोग गर्नुपर्नेछ ।

## ✓ग्राहक परिचय-पत्र (Client Identity Card)

धितोपत्र व्यवसायीले प्रत्येक ग्राहकको परिचय सम्बन्धमा आदेशपत्रमा खुलाउनुपर्ने न्युनतम विवरणहरु जस्तै ग्राहक परिचय दर्ता नं., ग्राहकको नाम, नागरिकता नं., बाबुको नाम, बाजे वा पतिको नाम जस्ता कुराहरु उल्लेख गरिएको फोटो सहितको ग्राहक परिचय-पत्रको दुई प्रति तयार गर्नु पर्दछ । उक्त परिचयपत्रको एक प्रति ग्राहकलाई उपलब्ध गराउनु पर्दछ र एक प्रति व्यवसायी आफैले सुरक्षितसाथ राख्नु पर्दछ । ग्राहक परिचय-पत्रको ढाँचा अनुसुची-१ मा तोकिए बमोजिम हुनेछ ।

## ✓ आदेश पत्र (Order Request Form)

धितोपत्र व्यवसायीले ग्राहकबाट प्राप्त खरीद बिक्री आदेश पत्र पूर्ण रुपमा भरे नभरेको हेरी पूर्ण रुपमा नभरेको भए भर्न लगाएर मात्र स्वीकार गर्नु पर्दछ र यसले आदेश दर्ता किताबमा भएका प्रविष्टीहरुलाई आधार प्रदान गर्नु पर्दछ । यसरी प्राप्त आदेशपत्र मितिवद्द रुपमा व्यवस्थित तवरले राख्नुपर्दछ । आदेश पत्रको ढाँचा धितोपत्र बजारको विनियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## ✓ आदेश दर्ता किताव (Order Registration Book)

धितोपत्र ब्यवसायीले ग्राहकबाट प्राप्त खरीद बिक्री आदेशपत्र अनुसार सो सम्बन्धी आवश्यक विवरण आदेशपत्र प्राप्त गर्ने वित्तिकै आदेश दर्ता किताबमा क्रमिक रुपमा दर्ता गर्ने व्यवस्था गर्नुपर्नेछ । यसरी दर्ता भएका खरीद तथा विक्रि आदेशहरु कारोवार प्रणालीमा प्रविष्टी गर्दा मूल्य-समय प्राथमिकताका आधारमा गर्नु पर्नेछ । प्रविष्टी गर्न नभ्याइएका आदेशहरुलाई अर्को दिनको शुरुमा आदेश दर्ता कितावमा क्रमबद्द रुपमा पूनः दर्ता गर्नु पर्नेछ । कारोवारको लागि पालोमा रहेका (GTC मा रहेका) आदेशहरुमा कुनै परिवर्तन गरिने भएमा सो को आदेश दर्ता कितावको कैफियतमा तथा आदेश पत्रमा समेत जनाउनु पर्नेछ । आदेश दर्ता कितावमा दर्ता भएका आदेशहरु (प्रविष्टी गर्न नभ्याइएका बाहेक) हरेक दिनको अन्त्यमा धितोपत्र बजारको प्रणालीबाट प्राप्त हुने पव्लिक अर्डर बुक सँग मेल खानु पर्दछ । आदेश दर्ता कितावको ढाँचा अनुसूची २ मा तोकिए बमोजिम हुनेछ ।

## ✓ भित्रीने र वाहिरीने कागजातको किताव (Document's Inward-outward Book)

धितोपत्र ब्यवसायीले ग्राहकका सम्बन्धमा प्राप्त हुने तथा अन्यत्र पठाउने कागजातहरुको “भित्रीने र बाहिरीने कागजातको किताब” मा अधावधिक रुपमा अभिलेख राख्नु पर्नेछ । यस किताबमा अभिलेख राख्ने प्रयोजनका लागि निम्न कागजातहरु तोकिएका छन् :

१. शेयर प्रमाणपत्र

२. आदेश पत्र

३. शेयर दाखिल खारेज गर्न दिने दरखास्त

४. खाली हस्तान्तरण दर्ता निवेदन

५. करार नोट

यस किताव ग्राहकको कागजातपत्रहरु हेरी महिनाको अन्तिममा बन्द गर्नु पर्दछ । उक्त कितावको ढाँचा अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### ✓ ग्राहक खाता ( Client Account)

धितोपत्र व्यवसायीले ग्राहकको लागि व्यक्तिगत ग्राहक खाताको व्यवस्था गर्नु पर्नेछ । ग्राहक खाता प्रत्येक कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ । ग्राहकको रकम ग्राहकको खातामा छुट्टै अभिलेख गर्नु पर्दछ र फरक बैंक खातामा जम्मा गर्नुपर्दछ जसको प्रयोग ग्राहक वा विनिमय बजारलाई भुक्तानी गर्न र गल्तीले जम्मा गरिएको रकमको भुक्तानी गर्न मात्र प्रयोग गर्न सकिनेछ । धितोपत्र व्यवसायीले ग्राहक खाता सामान्य दोहोरो लेखा प्रणाली अनुरुप तयार गर्नु पर्नेछ ।

### ✓ दैनिक कारोबार विवरण (Daily Transaction Particulars)

दैनिक कारोबार विवरणमा एक दिनभरको कारोबार भएको विवरणको प्रविष्टी गर्नु पर्नेछ । सो कारोबार मध्ये खरीद तथा विक्रि कारोबारको छुट्टाछुट्टै विवरण राख्ने व्यवस्था गरिनु पर्ने र दैनिक फाईलिङ्ग गर्ने व्यवस्था गर्नु पर्ने छ । दैनिक कारोवार विवरणको ढाँचा धितोपत्र बजारको विनियमावलीमा तोकिए बमोजिम हुनेछ ।

### ✓ करार नोट (Contract Notes)

धितोपत्र व्यवसायीले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७७ को व्यवस्था बमोजिम कारोबार भएको प्रत्येक आदेशको सोही दिन वा भोलीपल्ट बजार बन्द हुनु अगावै सिलसिलेवार नम्बरमा करार नोट तयार गरी सो को नक्कल प्रति आफूले फाइलिङ गरी सक्कल प्रति सम्बन्धित ग्राहकलाई दिनु पर्दछ । करार नोटको ढाँचा अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ ।

### ✓ ग्राहक पेश्की खाता (Client Advance Account)

धितोपत्र व्यवसायीले आदेशपत्र सँगै कुनै निश्चित रकम पेश्कीको रुपमा माग गर्न सक्नेछ । यसरी ग्राहकबाट प्राप्त पेश्की रकम ग्राहक पेश्की खातामा अलग्गै अभिलेख गर्नु पर्दछ । ग्राहकबाट प्राप्त पेश्की रकम सोही दिनमा ग्राहक बैंक खातामा जम्मा गरिसक्नु पर्ने छ । उक्त पेश्की रकम कारोवारहरुको भुक्तानी समयमा मिलान गर्नु पर्नेछ । ग्राहक पेश्की खाता सामान्य दोहोरो लेखा प्रणाली अनुरुप तयार गर्नु पर्नेछ । यसरी प्राप्त रकमहरुको प्राप्ती कागज (Receipts) व्यवस्थित रुपमा राख्नुपर्नेछ ।

## ✓ ग्राहकको धितोपत्रको मौज्दात किताब (Stock Book of Client's Securities)

धितोपत्र व्यवसायीले ग्राहकको धितोपत्र ग्राहकको धितोपत्र मौज्दात किताबमा छुट्टै अभिलेख गर्नु पर्दछ । प्रत्येक महिनाको अन्त्यमा यस किताब बन्द गरि भित्रीने र वाहिरीने कागजातको कितावको धितोपत्र सँग मिलान गर्नुपर्ने छ । यस किताबको ढाँचा अनुसूची ५ मा प्रस्तुत  गरिएको छ ।

## ✓ अन्य विवरणहरु

प्रचलित ऐन नियम निर्देशिकाले तोके बमोजिम तथा स्थापित चलन चल्ती अनुसार तयार गर्नुपर्ने भौचर, लेजर, मेमोरेन्डा, नगद तथा बैक खाता, परीक्षण सन्तुलन, वासलात, आयव्यय खाता र नगद प्रवाह विवरण इत्यादी विवरणहरु कम्पनी ऐन तथा नेपाल लेखामान बोर्डले जारी गरेको लेखामान अनुरुप लेखाका सर्वमान्य सिद्दान्तको पालना गरी तयार गर्नुपर्ने छ ।

## ३. तोकिएका प्रतिवेदनहरुको ढाँचा

### त्रैमासिक विवरणहरु

धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी तथा बजार निर्मार्ता) नियमावली, २०६४ को नियम ३५ को उपनियम २ ले गरेको व्यवस्था अनुसार प्रत्येक त्रैमास समाप्त भएको ३० दिनभित्र तोकिएको ढाँचामा त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नु पर्नेछ र विगतको त्रैमासिक प्रतिवेदनमा केहि कुरा परिवर्तन भएको भए सोको समेत जानकारी गराउनु पर्नेछ ।

उक्त व्यवस्था बमोजिम धितोपत्र व्यवसायीहरुले त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नका निम्ति निम्नानुसारको ढाँचा तोकिएको छ ।

१. **त्रैमासिक वित्तीय विवरण** जस्तै वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरणमा संपूर्ण अनुसूचीहरु संलग्न गरी तयार गर्नुपर्नेछ । उक्त विवरणमा गत वर्षको सोही अवधीको विवरण समेत समावेश गर्नुपर्नेछ ।

- ☞ वित्तीय विवरण तयार गर्दा प्रचलित कानून अनुसार व्यवहारमा लागू भएका लेखामानहरु र लेखाका सर्वमान्य सिद्दान्तलाई पालना गर्नु पर्नेछ र कम्तीमा पनी अनुसूची १२ अनुसारको प्रोफाईलमा भएका विवरणहरु समावेश गर्नु पर्नेछ ।
- ☞ तुलनात्मकता (Comparatives) का लागी फरक परेका कुराहरुको जानकारी प्रवाह गर्नु पर्नेछ ।
- ☞ प्राप्त कमिशन आम्दानी, धितोपत्र बजारलाई दिनुपर्ने भुक्तानी, ग्राहकको नगद तथा बैंक मौज्दात, ग्राहकको धितोपत्र मौज्दात, ग्राहकसंग लिनुपर्ने हिसाव जस्ता कुराहरु पूर्ण रुपमा खोलिएको हुनुपर्नेछ ।

☞ प्रभावयोग्य विवरण (Material Information), दण्ड जरिवाना तथा कानून उल्लंघन गरेवापत पाएको सजाय जस्ता कुराहरु वित्तीय विवरणमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ ।

२. दिनहुँ भएका **खरीदबिक्री कारोबारको भौतिक स्थिती (Physical Status of Transactions)** दैनिक रुपमा (Daily Basis) मा तथा सो को मासिक जम्मा (Monthly Sub-total) समेत देखिने गरी अनुसूची ६ को ढाँचा बमोजिम पेश गर्नु पर्दछ ।

३. दिनहुँ भएका **कारोबारको वित्तीय स्थिती (Financial Status of Transactions)** दैनिक रुपमा (Daily Basis) मा तथा सो को मासिक जम्मा (Monthly Sub-total) समेत देखिने गरी अनुसूची ७ को ढाँचा बमोजिम पेश गर्नु पर्दछ ।

४. **कारोबारको राफसाफ तथा नामसारी स्थगन (Transactions Pending Clearing and Settlement)** हरेक महिनाको अन्त्यको स्थिति देखिने गरी अनुसूची ८ को ढाँचा बमोजिम पेश गर्नु पर्दछ ।

५. **ग्राहकको धितोपत्र सम्बन्धी विवरण (Statement of Securities of Clients)** हरेक महिनाको अन्त्यको स्थिति देखिने गरी अनुसूची ९ को ढाँचा बमोजिम पेश गर्नु पर्दछ ।

६. दैनिक कारोबारको आधारमा बनाएको **करार नोट सम्बन्धी विवरण (Statement of Contract Notes)** दैनिक रुप (Daily Basis) मा तथा सो को मासिक जम्मा (Monthly Sub-total) समेत देखिने गरी अनुसूची १० को ढाँचा बमोजिम पेश गर्नु पर्दछ ।

७. **ग्राहकको नगद तथा बैक सम्बन्धी विवरण (Statement of Client's Cash or Bank)** हरेक महिनाको अन्त्यको स्थिति देखिने गरी अनुसूची ११ को ढाँचा बमोजिम पेश गर्नु पर्दछ ।

**वार्षिक विवरणहरु**

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८२ र धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्मार्ता) नियमावली, २०६४ को नियम ३५ को उपनिमय १ बमोजिम धितोपत्र व्यवसायीहरुले वार्षिक प्रतिवेदन, लेखापरिक्षण भएको वित्तीय विवरण तथा अन्य विवरणहरु तोकिएको ढाँचामा आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र पेश गनुपर्नेछ ।

उपरोक्त व्यवस्थाहरु बमोजिम धितोपत्र व्यवसायीहरुले वार्षिक प्रतिवेदन तथा अन्य विवरणहरु बोर्ड समक्ष पेश गर्नका निम्ति निम्नानुसारको ढाँचा तोकिएको छ ।

१. धितोपत्र व्यवसायीहरुले प्रचलित कानुनले तोके बमोजिम तथा स्थापित चलन अनुसार लेखापरिक्षण भएको वार्षिक प्रतिवेदन वासलात, नाफानोक्सान खाता र नगद प्रवाह विवरण साथै अनुसूचीहरु संलग्न गरि गतसालको तुलनात्मक स्थिती देखिने गरी वार्षिक वित्तीय विवरणहरु कम्पनी ऐन तथा नेपाल लेखामान बोर्डले जारी गरेको लेखामान अनुरुप लेखाका सर्वमान्य सिद्दान्तको पालना गरी तयार गर्नुपर्ने छ ।

- ☞ विवरण तयार गर्दा प्रचलित कानून अनुसार व्यवहारमा लागू भएका लेखामानहरु र लेखाका सर्वमान्य सिद्दान्तलाई पालना गर्नु पर्नेछ र कम्तीमा पनी अनुसूची १२ अनुसारको प्रोफाईलमा भएका विवरणहरु समावेश गर्नु पर्नेछ ।
- ☞ तुलनात्मकता (Comparatives) का लागी फरक परेका कुराहरुको जानकारी प्रवाह गर्नु पर्नेछ ।
- ☞ प्राप्त कमिशन आम्दानी, धितोपत्र बजारलाई दिनुपर्ने भुक्तानी, ग्राहकको नगद तथा बैंक मौज्दात, ग्राहकको धितोपत्र मौज्दात, ग्राहकसंग लिनुपर्ने हिसाव जस्ता कुराहरु पूर्ण रुपमा खोलिएको हुनुपर्नेछ ।
- ☞ प्रभावयोग्य विवरण (Material Information), दण्ड जरिवाना तथा कानून उल्लंघन गरेवापत पाएको सजाय जस्ता कुराहरु वित्तीय विवरणमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ ।

२. अन्य विवरणहरुमा त्रैमासिक रुपमा पेश गर्नुपर्ने विवरणहरु (त्रैमासिक वित्तीय विवरण बाहेक) नै मासिक रुपमा खुल्ने गरी वार्षिक रुपमा पेश गर्नु पर्नेछ ।